महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७८

मर्चवारी गाउँपालिका, रुपन्देही ।

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल ।

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९

च.नं:- ३३

मितिः २०७८।५।४

श्री नगरप्रमुख ज्यू,
मर्चवारी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही ।

विषयः - लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी .)
नायव महालेखापरीक्षक

बोधार्थ तथा कार्यार्थ

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंह दरबार काठमाडौ - प्रतिवेदन संलग्न छ ।

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

महालेखा परीक्षकको कार्यालय नेपाल २०१६

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९

च.नं:.३३ मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,

मर्चवारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले **मर्चवारी गाउँपालिका**को आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु. ११ करोड ८३ लाख ८९ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.१ करोड ३ लाख १५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.६ करोड ३ लाख ४२ हजार नियमित गर्नुपर्ने रु.४ करोड ७३ लाख ३४ हजार र पेश्की रु.३ लाख ९८ हजार रहेको छ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१०।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्यौंट नभई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २१(एक्काईस) यसै साथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत कडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

मर्चवारी गाउँपालिका, रुपन्देही

लेखापरीक्षण प्रतिवेदन

आर्थिक बर्ष २०७६।७७

परिचय — स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न २०७३ फाल्गुनमा यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरीकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु मुख्य उद्देश्य रहेको छ। लुम्बिनी प्रदेशको रुपन्देही जिल्लामा अवस्थित यस गाउँपालिका अन्तर्गत ७ वटा वडाहरु रहेका छन्। गाउँसभा सदस्य ३६ रहेको यस गाउँपालिकाको क्षेत्रफल ४८.६ व.कि.मी. तथा राष्ट्रिय जनगणना २०६८ अनुसार ३८,७८३ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष - आर्थिक बर्ष २०७६/७७ को सञ्चितकोषको आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत बर्षको जिम्मेवारी**		७६७२०८६०.८५	१	**चालु खर्च**	२६८६९०७०३.२१	२६८६९०७०३.२१
	क) बैङ्क	७६७२०८६०.८५	०	२	**पूँजीगत खर्च**	१२७९०९११९	१२७९०९११९
२	**राजश्व (आन्तरीक आय समेत)**		६५१३९७१२.५६	३	**वित्तिय व्यवस्था भुक्तानी**		
	क) आन्तरिक राजश्व	३८७१५४८.९५	०	४	**लगानी**		
	ख) राजश्व बाँडफाँड	६१२६८१६३.६१	०	५	**धरौटी फिर्ता**	५०५७६८	५०५७६८
३	**वित्तिय हस्तान्तरण**		३०३०८६०७९.५६	६	**कोष खर्च**	२९०५०५६८	२९०५०५६८
	क) वित्तिय समानिकरण अनुदान	१२३२०००००	०	७	**मौज्दात**		७०९२९१९९
	ख) सशर्त अनुदान	१७३००२११२.५६	०		• सञ्चित कोष	५४०१०२३८	
	ग) समपुरक अनुदान	६८८३९६७	०		• विभिन्न कोष मौज्दात	१२७९३३११	
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		२३५४४४२२		• धरौटी खाता	४१२५६४९	
	क) वित्तिय समानिकरण अनुदान	४५७४०००	०				
	ख) सशर्त अनुदान	५४१९४२२	०				
	ग) समपुरक अनुदान	५८०००००	०				
	घ) विशेष अनुदान	७७५१०००	०				
५	**अन्तर स्थानीय निकायबाट प्राप्त**		०				
७	**विभिन्न कोष तर्फको आय**	२५५५९०३०.५९	२५५५९०३०.५९				
८	**धरौटी आय**	३०३५२५१.६५	३०३५२५१.६५				
	जम्मा		४९७०८५३५७.२१		**जम्मा**		४९७०८५३५७.२१

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>आय विवरण — कार्यालयको आय-व्यय विवरण तयार गर्दा नेपाल सार्वजनिक लेखामान प्रणाली बमोजिम आय-व्यय विवरणका साथसाथै लेखा नीति तथा टिप्पणी, प्रमुख लेखा नीति र वित्तिय विवरणको तयारी तथा स्वीकृती गरी तोकिएको ढाँचामा लेखापरीक्षण समक्ष पेश भएन। कार्यालयको आय व्यय सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार छन् ;</td><td></td></tr>
<tr><td>१.१.</td><td>संचित कोष खातामा आम्दानी जनाउँदा प्रासीको श्रोत सहित आम्दानी जनाउनु पर्नेमा बैंक स्टेटमेन्टको आधारमा आम्दानी जनाउने गरेको छ ।</td><td></td></tr>
<tr><td>१.२.</td><td>गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोष मौज्दात रु. ७,६७,२०,८६०।८५ रहेकामा कार्यालयले रु. ७,६२,२७,८६०।८५ जिम्मेवारी सारेकोले घटी जिम्मेवारी सारेको रु.</td><td>४,९३,०००।-</td></tr>
<tr><td>१.३.</td><td>कार्यालयको स्रेस्ता अनुसारको बैंक मौज्दात र बैंक स्टेटमेन्ट अनुसारको बैंक मौज्दात एक आपसमा भिडान हुनुपर्दछ। कार्यालयको श्रेस्ता अनुसार २०७७।३।३१ मा निम्नानुसार खातामा कोष समेतको बैंक मौज्दात रु. ७,०९,२९,१९९।०९ रहेको देखिन्छ।कार्यालयको बैंक खाताको बैंक स्टेटमेन्ट अनुसार रु. १०,८४,८३,०४०।३९ मौज्दात रहेको छ। श्रेस्ता र बैंक स्टेटमेन्टमा रु. ३,७५,५३,८४१।८० फरक परेकोले सो फरक रकमको बैंक हिसाव मिलान प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>खाता विवरण</th><th>बैंक एकाउण्ट नं.</th><th>बैंक नगदी किताव अनुसार मौज्दात</th><th>बैंक स्टेटमेन्ट अनुसार मौज्दात</th><th>कैफियत</th></tr>
<tr><td>संचित कोष</td><td>०१२१५१५६६८३</td><td>५४०१०२३८.५१</td><td>९०७३८८३८.५२</td><td>पूंजिगत+संचितकोष समेत</td></tr>
<tr><td>विपद व्यवस्थापन कोष</td><td>०१२१५१५६७४४</td><td>१०३६१३३३.५८</td><td>११९३५६८३.३७</td><td></td></tr>
<tr><td>मर्मत संभार कोष</td><td>०१२१५१५६७३६</td><td>२०८१९७८</td><td>२७०३१२१</td><td></td></tr>
<tr><td>कल्याणकारी कोष</td><td>०१२१५१५६७२२</td><td>३५००००</td><td>३५००००</td><td></td></tr>
<tr><td>धरौटी खाता</td><td>०१२१५१५६६६४</td><td>४१२५६४९</td><td>२७५५३९८</td><td></td></tr>
<tr><td>जम्मा</td><td></td><td>७०९२९१९९.०९</td><td>१०८४८३०४०.८९</td><td></td></tr>
</table></td><td>३७५५३८४२।-</td></tr>
<tr><td>१.४.</td><td>संचित कोष तथा अन्य खर्च शिर्षकहरुको बैंक नगदी किताव कार्यालय प्रमुख तथा लेखा प्रमुखले प्रमाणित गर्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>१.५.</td><td>सञ्चितकोष आम्दानी हिसाब - सुत्रमा प्रविष्ट गरेको श्रोतगत आम्दानी र को.ले.नि.का. निकासा आम्दानी वरावर हुनुपर्दछ। कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमाणित आर्थिक विवरण अनुसार सशर्त अनुदान र समपुरक आम्दानी रु.१२,२०,८३,०००।- रहेकोमा सुत्र सफ्टवेयरमा रु. १६,९७,२९,४००।- देखिई रु. ४,१६,४६,०००।- फरक परेको देखिन्छ। फरक सम्बन्धमा सामाजिक सुरक्षा खर्च बैंकमा सिधै निकासा भएपनि संचितकोष आम्दानी देखाएकोले फरक परेको जनाएपनि सामाजिक सुरक्षाको छुट्टै शिर्षकगत आ.वि. तयार पारेको छैन।</td><td></td></tr>
<tr><td>१.६.</td><td>सञ्चित कोषको चौमासिक विवरण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा गाउँपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय-व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाले योवर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन।तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१.७.</td><td>राजश्व आम्दानी गर्दा शिर्षकगत रुपमा दैनिक उठेको रकमको विस्तृत विवरण सहितको जोड जम्मा गरी सोही अनुसार बैंक दाखिला गर्ने र बैंक दाखिला भौचरको आधारमा सञ्चित कोष दाखिला हुनुपर्नेमा सो अनुरुप हुने गरेको छैन ।</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
१.८.	दैनिक उठेको राजश्व रकम भोलीपल्ट एकमुष्ट बैंक दाखिला गर्नुपर्नेमा सो नगरी आंशीक रुपमा दाखिला गर्ने गरेको र महिनाको अन्त्यमा उठेको कूल राजश्व र बैंक दाखिला रकम बरावर हुने गरी दाखिला गर्ने गरेकोले यसमा सुधार हुनुपर्दछ ।	
१.९.	**सुत्र प्रयोग सम्बन्धमा —** वित्तीय लेखाङ्कनको लागि कार्यालयले सुत्र सफ्टवेयर प्रयोग गरेपनि विनियोजित रकम पोष्टिङ गर्दा चालु, पुँजीगत, कार्यक्रम र योजनागत रुपमा पोष्टिङ्ग गरी सोही अनुरुप खर्च लेखाँङ्कन गर्नुपर्नेमा सो नगरी बजेट शिर्षक अनुसार एकमुष्ट पोष्टिङ्ग गर्ने गरेको छ। योजनागत रुपमा प्राप्त बजेट यसरी खर्च गर्दा खर्च नियन्त्रण हुने अवस्था छैन ।	
१.१०.	**एकिकृत आय-व्यय विवरण -** कार्यालयले सूत्र लेखाप्रणालीको प्रयोग गरेतापनि लेखा प्रणालीका स्वीकृत ढाँचाहरु स्वचालित रुपमा सृजना गर्ने गरेको देखिएन । जस्तै गाउँपालिकाको एकिकृत आयव्यय विवरण सुत्र प्रणालीबाट तयार हुने गरेको छैन । उल्लेखित कुराहरुमा सुधार गरी संचित कोष खाताको मर्म अनुसार समयमै श्रोतगत रुपमा आम्दानी जनाउने र निकाशा खर्च लेखी संचित कोषको यथार्थ हिसाव देखाउन सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।	
१.११.	**श्रेस्ता पेश नभएको —** कार्यालयले पेश गरेको बैंक नगदी किताव अनुसार प्रकोप व्यवस्थापन कोषवाट रु.२,१७,८५,५४६।४२ खर्च भएकोमा सक्कल श्रेस्ता लेखापरीक्षणको लागि पेश नभएकाले बक्यौता रहेको रु.	२१७८५५४६।४२
	नियमितताको लेखापरीक्षणबाट देखिएका व्यहोरा :	
२.	**आन्तरिक लेखापरीक्षण –** आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिना भित्र अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनुपर्ने उल्लेख छ। गाउँपालिकामा आन्तरिक लेखापरीक्षण शाखा गठन भई लेखापरीक्षण भएको जवाफ प्राप्त भएको छ तर लेखापरीक्षणको क्रममा आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन ।	
३.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले मिति २०७६।३।१० गते रु. ४५ करोड ८० लाख ६३ हजारको बजेट सभा समक्ष पेश गरी मिति २०७६।३।१० मा पारित गरेको छ । स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको अख्तियारीपत्र लेखापरीक्षणमा पेश भएन। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।	
४.	**लक्ष्य प्रगति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार गाउँपालिकाले लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले सञ्चालन गरेका जिल्लास्तरीय तथा केन्द्रस्तरीय आयोजनामध्ये सबै आयोजनाको ऐन बमोजिम तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। तोकिएको ढाँचामा बार्षिक लक्ष्य तथा प्रगति विवरण तयार गर्नुपर्दछ ।	
५.	**चौमासिक खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) अनुसार प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले पेश गरेको पूँजीगत शीर्षकको चौमासिक	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	खर्च विवरण विश्लेषण गर्दा जम्मा खर्च रु.१२ करोड ११ लाख ६९ हजार मध्ये तेश्रो चौमासिकमा रु.९ करोड २४ लाख खर्च भएको पाइयो ।तेस्रो चौमासिकमा कूल खर्चको ८५.२९% र आषाढमा ७६.२५% खर्च भएको देखियो ।आर्थिक बर्षको अन्त्यमा काम गर्दा मूल्यांकंन गर्न समय कम भै कामको गुणस्तरमा असर पर्ने अवस्थालाई मध्यनजर राखेर कार्ययोजना तयार गरी योजना अनुसार कार्यसम्पादन गरिनु पर्दछ।	
६.	**सेवा प्रवाह —** सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २५ मा सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी निकायले सबैले देख्ने ठाँउमा कार्यालयले दिने सेवा र त्यसको प्रकृति, सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यबिधि, सेवा प्रदान गर्ने पदाधिकारी र निजको कार्यकक्षको विवरण, सेवा प्रदान गर्न लाग्ने समयाबधि र सेवा प्राप्त गर्न कुनै दस्तुर तथा अन्य रकम लाग्ने भए सो को विवरण खुलाई नागरिक वडापत्र राख्नुपर्ने र सो बमोजिम सेवा प्रदान गरेको अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको विवरण अनुसार यस वर्ष १२५४ व्यक्तिगत घटना दर्ता गरेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा उल्लेखित स्थानीय निकायको काम कर्तव्य र अधिकार मध्ये अधिकांश सेवा प्रवाह गर्नुपर्ने विषयमा निकायको सिमित जनशक्ति र पूर्वाधारका कारण प्रवाह गर्न सकेको छैन। जनशक्ति र पूर्वाधारको विकास गरी निकायको सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।	
७.	**वडा सचिवको पदपूर्ति -** गाउँपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवहरुको दरबन्दी अनुसार पदपूर्ति हुनुपर्दछ। कार्यालयले पेश गरेको विवरण अनुसार ७ वडा कार्यालयमा ७ जना वडा सचिवको दरबन्दी रहेकोमा ६ पदपूर्ति भई १ रिक्त रहेको छ। रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।	
८.	**कर्मचारी व्यवस्था —** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपूर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकामा रहने कर्मचारी दरवन्दी ५२ रहेपनि पदपूर्ति ४८ रहेको देखियो।प्रशासन छैटौं, पाचौं, सव इञ्जिनीयर, सहित ४ पद रिक्त रहेका छन । पदपुर्ति गरी सेवा प्रवाहमा प्रभावकारिता ल्याउनुपर्दछ।	
९.	**निवेदन फछ्यौट —** स्थानीय जनतालाई नजिकको निकायबाट न्याय सम्पादन गर्ने उद्देश्यले स्थानीय गाउँपालिकाको न्यायिक समितिबाट छिटो निवेदन फछ्यौट गरी शीघ्र न्याय दिनको लागि परेका निवेदन तथा उजुरी समयमै फछ्यौट हुनुपर्दछ। आर्थिक बर्ष २०७६।७७ सम्म न्यायिक निर्णयको लागि ६० निवेदन परेकोमा ३९ फछ्यौट भई २१ बाँकी रहेको पाइयो। न्यायिक समितिमा परेका निवेदन शीघ्र फछ्यौट गर्न सम्बद्ध पक्षको ध्यान जानुपर्ने देखिन्छ।	
१०.	**कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु उपलब्ध गराएकोमा पालिकाले हालसम्म ५ वटा ऐन, ४ वटा नियमावली, १७ कार्यविधि र निर्देशिका ३ लगायत २९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले ३ वटा कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन्। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।	
११.	**आन्तरिक नियन्त्रण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ। कार्यालयले कार्यविधि तयार नगरेको कारण आन्तरिक नियन्त्रण प्रणालीको अवस्था कमजोर रहेको देखिन्छ। यस सम्बन्धमा	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	देखिएका व्यहोरा देहाय बमोजिम छन् : क) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन। ख) **आर्थिक विवरण** — आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्रको अवधि सम्म आर्थिक विवरण तयार गर्नुपर्नेमा लेखापरीक्षणको अवधि (२०७७ माघ) मा आर्थिक विवरण तयार गरी पेश गरेको छ। ग) गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै गाउँपालिकाबाट यस बर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको बार्षिक स्विकृत कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन । घ) विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भएको पाईयो । ङ) गाउँपालिकाले जिन्सी सामानको एकिकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई सामान वितरण गरेको पाईयो । च) जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाईएन । छ) कर भुक्तानीको ईटिडिएस गरेको पाइएन। ज) कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन। झ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गरेको पाईएन। ञ) ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन । ट) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यसवर्ष कार्यसम्पन्न भएका विभिन्न योजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन। ठ) संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट स्विकृत भएका विभिन्न योजना निर्माण गर्न गठन भएका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार दर्ता गरेको पाईएन। ड) वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन। ढ) सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। ण) मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख राखी नियमानुसार पेश्की फछ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख राखेको छैन, त) **कार्यविवरण** —कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा नदिएकोले कार्य विवरण समेत तयार गरी अधिकार र जिम्मेवारी दिनुपर्ने देखिन्छ । थ) **अभिलेख** —कार्यालयले सार्वजनिक सम्पत्तिको अभिलेख राखेको देखिएन । द) कतिपय योजनाहरुमा इष्टिमेट तयार गरेको, स्वीकृत गरेको, नापी मूल्याकन गरेको, जाँच गरेको, तथा स्वीकृत गरेको, ठेक्का बिल र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको, स्वीकृत गरेको मिति उल्लेख भएको	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

पाइएन।

ध) निर्माण कार्यको नापी किताव तयार गरी उक्त नापी कितावलाई अद्यावधिक गरी राख्नुपर्नेमा नापी लुज पेपरमा भर्ने गरेको पाइयो। योजनागत नापी किताव बनाई भएको कार्य र खर्चको विवरण अद्यावधिक गरेको देखिएन।

न) सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम बार्षिक खरिद योजना तयार गरेपनि खरिद योजनाको पूर्ण पालना गरी खरिद कार्य गरेको देखिएन।

ऩ) राजश्वको शीर्षकगत आर्थिक विवरण तयार गरेको छैन।

प) गाउँपालिकाले आन्तरिक आयको छुट्टा छुट्टै आर्थिक विवरण तयार गरेको छैन।

फ) जिन्सी निरीक्षण प्रतिवेदनले औंल्याएका व्यवस्थाहरुको पुर्ण रुपमा कार्यान्वयन नभएको।

कार्यालयले प्रचलित ऐन, नियम र कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्नाको साथै ऐन, नियमको अधिनमा रही कार्यालको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण कार्यबिधि तयार गरी प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु क्रमश सुधार गर्दै जानु पर्दछ।

१२. **कन्टिन्जेन्सी खर्च अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। कार्यालयवाट यस बर्ष रु.३१,८२,३४६।- कन्टिन्जेन्सी खर्च भएकोमा नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खाता राखेको छैन। नियमावलीको व्यवस्था बमोजिम योजनागत कन्टिन्जेन्सी खाता राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गर्नुपर्दछ।

१३. **राजश्व अभिलेख —**कार्यालयले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता नराखेकोले स्थानीय तहको वास्तविक राजस्व असुली र दाखिला एकिन हुन सकेन। गाउँपालिकाले यस सम्बन्धमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ।

१४. **व्यवसाय कर —** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। गाउँपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा लगत अद्यावधिक गरेको पाईएन। गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका व्यवसायीहरुको अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१५. **क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	४७१९०२२६	४१९०४१४६.६८	९.०३
२	पूर्वाधार विकास	१७४७२४८०५	५८३४२३२२	१२.५७
३	सामाजिक विकास	२२२२८०५३३	२३५१६१०३१.७	५०.६७
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	५२६७०१००	३८९९३९६०.५४	८.४०
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१०४१३०७८१	८९६५५४२८.५२	१९.३१
जम्मा		६००९९६४४५	४६४०५६८८९	

विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५०.६७ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ८.४० प्रतिशत रहेको छ।

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
१६.	**खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.३८,७१,५४८, राजस्व बाँडफाँड र अनुदानबाट रु.६,१२,६८,१६३। समेत रु.६,५१,३९,७१२।आम्दानी भएकोमा चालु तर्फ रु.२६,८६,९०,७०२। र पूँजिगत तर्फ रु.१२,७९,०९,११९। समेत रु.३२,६५,९९,८२१।- खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१८ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सबिधामा रु.६५,४१,२००।- खर्च भएको छ जुन आन्तरिक आयको १६८.९६ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५४.०५ प्रतिशत चालु र २५.७३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।	
१७.	**कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। पालिकाले विभिन्न ११ पदमा ३१ जना कर्मचारीहरु करारमा राखि रु.६९,४९,०८४।- खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले गाउँ प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। कार्यालयले उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा १४ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३०,२३,१४०।- भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु.	३०,२३,१४०।-
१८.	**कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। स्थानीय तहले कानून नबनाई रु.२१,३१,८२०।- प्रोत्साहन भत्ता खर्च लेखेकोले बढि व्ययभार परेको रु.	२१,३१,८२०।-
१९.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ। तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ।	
२०.	**खरिद कारवाही अभिलेख —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको	

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ। अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>२१.</td><td>विद्युतीकरण खर्च — सबै नागरीकहरुलाई विद्युत सेवा उपलव्ध गराउने दायित्व नेपाल बिद्युत प्राधिकरणको हो। विद्युत सेवा प्रदान गरे वापत ग्राहकहरुवाट प्राधिकरणले सेवा शुल्क लिने गर्दछ। टेलिफोन तथा केवल सेवा प्रदायकहरुले बिद्युत प्राधिकरणको पोल उपयोग गरेवापत सेवा शुल्क लिने समेत गर्दछ। विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्रको विद्युतीकरण कार्य सम्बन्धित निकायले नगरी सो कार्यमा कार्यालयले विद्युत पोल, तार खरिद तथा तार तान्ने कामको लागि यसवर्ष रु.५०,५६,७५८।- गरेको छ ।जटिल तथा प्राविधिक पक्ष रहेको काम उपभोक्ता समिति मार्फत गरेको र विद्युत प्राधिकरणको कार्यक्षेत्र भित्र कार्यालयले लगानी गरेकोमा नागरिकले सेवा उपयोगमा कुनै छुट तथा थप सुविधा प्राप्त गरेको छैन भने कार्यालयले रोयल्टी तथा अनुदान समेत प्राप्त गरेको छैन। अन्य निकायको जिम्मेवारी रहेको क्षेत्रमा गाउंपालिकाले बजेट विनियोजन गरी कार्यान्वयन गर्नु अगावै सम्बन्धित निकायसँग समन्वय गरेर मात्रै खर्च गर्ने तथा प्राप्त हुने लाभको यकिन गरेर मात्रै खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२.</td><td>योजना छनौट र कार्यान्वयन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन्।
<table>
<tr><td>२ लाखसम्म</td><td>रु २ लाखदेखि ५ लाखसम्मका</td><td>रु ५लाख देखि १० लाखसम्मका</td><td>रु१०लाख भन्दा बढीको</td><td>जम्मा</td></tr>
<tr><td>१२</td><td>२८</td><td>२२</td><td>१३</td><td>७५</td></tr>
</table>
विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि १० लाख सम्मका जम्मा ७५ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र १२ वटा योजनाहरु रहेका छन्। त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।</td><td></td></tr>
<tr><td>२३.</td><td>योजना कार्यान्वयन नभएको — सभाले स्वीकृत गरेको नीति तथा कार्याक्रम र विनियोजित बजेट अनुसार स्वीकृत भएका योजनाहरु समयमै कार्यान्वयन गर्नुपर्दछ। पाँचौ सभाले स्वीकृत गरेका कार्यक्रमहरु मध्ये निम्न क्षेत्रका योजनाहरु कार्यान्वयन नै नभएको अवस्था छ। योजना तर्जुमा प्रक्रिया पुरा गरी सभाले छनौट गरेका योजनाहरु कार्यान्वयन गर्ने तर्फ सम्बन्धित निकायको ध्यान जानु जरुरी छ।
<table>
<tr><th>क्षेत्रगत रुपमा योजना विवरण</th><th>योजना संख्या</th><th>विनियोजित रकम</th></tr>
<tr><td>आर्थिक विकास तर्फ</td><td>४</td><td>५० लाख</td></tr>
<tr><td>पुर्वाधार तर्फ</td><td>४</td><td>२ करोड</td></tr>
<tr><td>वडा स्तरीय योजनाहरु</td><td>१५</td><td>७९ लाख</td></tr>
<tr><td>जम्मा</td><td>२३</td><td>३ करोड २९ लाख</td></tr>
</table></td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
२४.	**बिद्यालय अनुदान —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था विपरित कार्यालयले गाउँपालिका पूँजीगत शिर्षकतर्फ योजना तथा कार्यक्रम तयार गर्दा गाउँपालिका भित्रका सामुदायिक बिद्यालयका लागि शैक्षिक जनशक्ति व्यवस्थापनका लागि रु. ५४,२१, ६८९।— विनियोजन गरेकोमा छैटौं सभाले विनियोजन रकममा रु.३५,००,०००।- थप गरी रु. ८९,२१,६८९।—बजेट कायम गरेको छ। संशोधित बजेट मध्ये गरी भौ.नं. ४—०७६।६।१३ बाट पहिलो चौमासिकमा रु.२८,१५,१५०।— र भौ.नं.२१—०७६।११।१५ बाट दोस्रो चौमासिकमा रु.२५,९१,७४०।— समेत रु.५४,०६,८९०।— अनुदान खर्च लेखेको छ। अनुदान खर्च लेखेकोमा कुन बिद्यालयलाई के कति दरले अनुदान दिएको हो सोको विवरण भौचरसाथ संलग्न छैन। यस सम्बन्धमा सुधार हुनुपर्ने देखिन्छ।	
२५.	**कोष खातामा ट्रान्सफर —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यक्रम तर्जुमा गर्दा गर्नुपर्ने काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गरेको र दफा ६६ मा समितिले दिएको बजेट सिमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकिरण गर्नुपर्ने व्यवस्था छ। कार्यालयले ऐनले दिएको अधिकार र क्षेत्र भित्र रही बजेट तर्जुमा गरेको छैन। कार्यालयले नगरपालिका पूँजीगत शिर्षकमा विनियोजन गरेको रकम मध्ये भौ.नं.७—०७६।७।२६ वाट मर्मत संभार कोषमा रु.७३,००,०००।- र भौ.नं.४८-०७७।३।४ बाट विपद् व्यवस्थापन कोषमा रु. १,३२,१०,०००।- ट्रान्सफर गरेकोले क्षेत्रगत रुपमा बजेट विनियोजन गर्ने र बजेट तथा कार्यक्रमको प्राथमिकिरण गरेको देखिएन। यसमा सुधार हुनुपर्दछ।	
२६.	**ह्याण्ड पम्प तथा स्यालो ट्युववेल —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना तर्जुमाको आधार तय गरेको छ। कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोही आधारमा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ। बजेट तथा कार्यक्रम तयार गर्दा ह्याण्ड पम्प र सिंचाई कार्यको लागि गाउँपालिका तथा वडाहरुको लागि योजना पुस्तिकामा ११ ठाउँमा योजना राखी रु.१,५९,५०,०००।- बजेट विनियोजन गरेकोमा निम्नानुसार भौचरवाट रु. १,३६,०४,७२२।— खर्च लेखेको छ।	

भौ.नं. मिति	योजनाको नाम	उपभोक्ता समितिको नाम	भुक्तानी रकम	ल.ई अनुसार जडान हुने संख्या	नापी किताव अनुसार जडान भएको संख्या	भरपाई अनुसार वितरित संख्या
१७-०७६/९/१७	खानेपानीका लागि हेण्ड पम्प जडान वडा नं. ५	कालीमाई खा.पा. उ.स.	७०००००	३२	२८	३२
२०-०७६/११/६	खानेपानीका लागि हेण्ड पम्प जडान वडा नं. ४	हेण्ड पम्प जडान उ.स.	५०००००	१६	१४	१६
३०-०७७/१/२४	सिंचाईको लागि स्यालो ट्युव वेल वडा नं.५	जाय माँ स्यालो ट्युव वेल निउस	११०१९१	३९	३९	३९
३४-०७७/२/१५	खानेपानीका लागि हेण्ड पम्प जडान वडा नं. ७	दुर्गा खा.पा.उ.स.	८०००००	३८	३८	३८
३६-०७७/२/१५	सिंचाईको लागि स्यालो ट्युव वेल वडा नं.४	कालीमाई स्यालो ट्युववेल निउस	४९९२९५	२१	२१	२१
३७-०७७/३/१५	खानेपानीका लागि हेण्ड पम्प जडान वडा नं. ६	गंगामईयाँ हे.प. ज.उ.स.	९९६०४२	४०	४०	४०
४३-०७७/३/	खानेपानीका लागि हेण्ड पम्प जडान वडा नं. ३	हेण्डपम्प जडान उ.स.	५०००००	२१	२१	२१
६१-०७७/३/१९	सिंचाईको लागि स्यालो ट्युव वेल	किसान सिंचाई नि.उ.स.	६०००००	२५	२७	२७

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td>वडा नं.७</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८५-०७७/३/२५</td><td>सिंचाईको लागि स्यालो ट्युव वेल वडा नं.१—७</td><td>किसन स्यालो ट्युववेल उ.स.</td><td>३३९२००२</td><td>८२</td><td>१३०</td><td>१३९</td></tr>
<tr><td>९६-०७७/३/२६</td><td>खानेपानीका लागि हेण्ड पम्प जडान वडा नं. १</td><td>बैष्णोमाता खापा हेण्डपम्प जडान उ.स.</td><td>४४९९९७</td><td>१४</td><td>१४</td><td></td></tr>
<tr><td>११०-०७७/३/२९</td><td>कृषि सिंचाईको स्यालो ट्युव वेल वडा ७</td><td>राधाकृष्ण स्यालो</td><td>९२१६६५</td><td>३१</td><td>३७</td><td>३७</td></tr>
<tr><td>११२-०७७/३/२९</td><td>गा.पा. भित्र शुद्द खापाको लागि हेण्ड पम्म</td><td>मर्चवारीमाई शुद्ध खा.पा.को लागि हेण्ड पम्प जडान उ.स.</td><td>४१३५५३०</td><td>१२२</td><td>१३८</td><td>१३८</td></tr>
<tr><td></td><td></td><td></td><td>१३६०४७२२</td><td>४८१</td><td>५४७</td><td>५४८</td></tr>
</table>
उल्लेखित योजना र खर्च सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:
क) सभाले योजना तर्जुमा गर्दा ह्याण्ड पम्प र सिंचाईको लागि स्यालो ट्युववेलको कार्यक्रमगत एकमुष्ट रकम विनियोजन नगरी अलग अलग योजनाको रुपमा बजेट विनियोजन गरेको।
ख) योजना पुस्तिकामा ११ योजनाको रुपमा बजेट विनियोजन गरेकोमा १२ योजना बनाई उपभोक्ता समिति बनाई कार्यान्वियन गरेको तथा उपभेक्ता समितिवाट प्राबिधिक पक्ष समावेश भएको कार्य गराउनुका साथै योजना सञ्चालय मितव्ययी नहुनुका साथै योजना दिगो र सफल हुन नसक्ने अवस्था छ।
ग) गाउँपालिका भित्रका वडाहरुमा शुद्ध खानेपानीको लागि हेण्ड पम्प जडान भनी कार्यालयले बजेट विनियोजन गरेकोमा पुनः वडाहरुमा छुट्टाछुट्टै बजेट विनियोजन गरेको उचित नदेखिएको।
घ) लागत अनुमान तयार गर्दा वास्तविक आधार नलिएको, अनुमानको आधारमा लागत तयार गरेको लागत अनुमानमा ४८१ वटा वनाउने रहेकोमा कार्यसम्पन्न प्रतिवेदनमा ५४८ वटा बनाएको देखिएको।
ङ) जडान भएका ह्याण्ड पम्प बाट निस्केको पानी पिउनको लागि उपयुक्त रहे नरहेको गुणस्तर परीक्षण मूल्यांकन नगरेको।
च) संघ तथा प्रदेश सरकारका निकायहरुवाट समेत यस्तै कार्यक्रम गर्ने हुंदा अन्तर निकाय विच समन्वय भएको नदेखिएको।
गाउँपालिकाको अध्यक्षको तोक आदेश तथा वडाध्यक्षको सिफारिशवाट वितरण गरेको, वितरणको कार्यविधि नवनाएको, विगतमा सामग्री बुझे नबुझेको यकिन नगरेको, सामान लैजाने व्यक्तिको लगत अद्यावधिक गरी पुनः सामग्री लान नपाउने व्यवस्था समेत नमिलाई खर्च लेखेको नियम सम्मत नदेखिएको रु.
</td><td>१३६०४७२२/-</td></tr>
<tr><td>२७.</td><td>कार्यक्रम स्वीकृत गर्दा अन्तरनिकाय विच समन्वय गरी दोहोरोपना नहुने गरी कार्यक्रम गर्नुपर्दछ । प्रदेश सरकारवाट हस्तान्तरीत कार्यक्रम अन्तर्गत मर्चवारी खानेपानी योजनामा प्राप्त रु.३५ लाखवाट वडा नं. १ देखि ७ सम्म १३४ वटा ह्याण्ड पम्प जडान गर्न रु.३९,८६,६५९।- प्रदेश सरकार श्रोतवाट ३५ लाख र उपभोक्ता समितिले रु.४,८६,६५९।- व्यहोर्ने गरी लागत अनुमान तयार गरेकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार १४८ जडान गरेको र रु.३६,५९,१९६।- बरावर काम भएको देखाई भौ.नं. ६-२०७७।३।६ बाट रु.३०,६७,५३७।- खर्च लेखेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:
क) उपभोक्ता समिति गठनमा निर्वाचित जनप्रतिनिधिहरुको प्रत्यक्ष चासो रहेको देखिन्छ। उपभोक्ता समिति गठन गर्न मिति २०७६।२।८ मा भेला भएका सदस्यहरुमा गाउँपालिकाका अध्यक्ष, ६ वटा वडाका वडाध्यक्षहरुको उपस्थिति रहेको र उपभोक्ता समिति गठन गर्दा र सम्झौता गर्दा उपभोक्ता समितिको अध्यक्षको पहिले लेखेको नाममा टिपेक्स लगाई हाल राजेश गुप्ता तेलीलाई अध्यक्ष बनाएको देखिंदा</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	उपभोक्ता समिति गठन नियम सम्मत र स्वतन्त्र रहेको देखिंदैन। ख) वडा १ देखि ७ सम्मको काम एउटै उपभोक्ता समितिले गराएको छ। ग) लागत अनुमान तयार गर्दा वास्तविक आधार नलिएको, अनुमानको आधारमा लागत तयार गरेको र जडान गरेको आधारमा कार्यसम्पन्न तयार गरेको छ। घ) गाउँपालिकाले यस वर्ष ह्याण्ड पम्प तथा बोरिङमा रु.१,३६,०४,७२२।—वडागत तथा कार्यालयकै कार्यक्रमबाट वजेट खर्च गरेकोमा प्रदेश सरकारले पनि ह्याण्ड पम्प खरिद र जडानमा नै बजेट खर्च गरेकोमा कार्यक्रममा दोहोरोपना देखिएको छ। ङ) वितरणको कार्यविधि समेत तयार नगरी गाउँपालिकाको अध्यक्ष तथा वडाध्यक्षहरुको सिफारिशवाट वितरण गरेको, वितरणको कार्यविधि नवनाएको, गाउँपालिकाले पहिले जडान गरिसकेको उपभोक्ताहरु नपर्ने आधार नखुलाएको, सामान लैजाने व्यक्तिको लगत अद्यावधिक गरी पुनः सामग्री लान नपाउने व्यवस्था समेत नमिलाएको तथा कार्यक्रममा दोहोरो नपर्ने गरी खर्च लेखेको तथा अन्तर निकाय विच समन्वय वेगर कार्यक्रम खर्च लेखेको उचित नदेखिएको रु.	३०,६७,५३७।-
२८.	**गै.स.स. मार्फत खरिद —** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखिकरण सवलीकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैह्र सरकारी संस्थाबाट गराउँदा छिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा मात्र गैरसरकारी संस्थाबाट काम गराउन सकिने व्यवस्था छ। सो विपरित कार्यालयले वडाभित्र रहेका स्थानमा फौहरमैला व्यवस्थापन गर्न डस्विन खरिद तथा वितरण गर्ने कार्य लुम्विनी सामुदायिक विकास केन्द्रबाट गराएको छ। कार्यालय आफैले गर्न सक्ने डस्विन खरिद वितरण कार्य गैह्र सरकारी संस्था मार्फत गराई भौ.नं. ३३-०७७।२।९ बाट भुक्तानी दिएको रु.२,००,०००।— नियम सम्मत नदेखिएको रु.	२,००,०००।-
२९.	सौर्य वत्तिमा आवश्यक पर्ने सामग्रीमा मू.अ.कर लाग्ने र मू.अ.कर नलाग्ने दुवै प्रकृतिको सामाग्री प्रयोग हुने गर्दछ। सोलार प्यानल, लिड बत्ति र चार्ज कन्टोलरमा मू.अ.कर नलाग्नेमा कार्यालयले गाउँपालिका भित्र आवश्यक २५ स्थानमा सोलार बत्ति जडान गर्ने कार्यको रु.२९,६६,८५०।— लागत अनुमान तयार गर्दा लिड बत्तिमा मू.अ.कर नलाग्नेमा प्रति वत्ति रु.१०,०००।— ले २५ बत्तिको रु.२,५०,०००।— र १३ प्रतिशत मू.अ.कर रु.३२,५००।—समेत राखी लागत अनुमान तयार गरेको छ। ठेक्का व्यवस्थापन हुँदा ३ फर्मले प्रस्ताव पेश गरेकोमा सवैभन्दा कम कवोल गर्ने अल्फा ट्रेड हाउससंग रु.२९,५९,४२१।९० मा सम्झौता गरी भौ.नं. ११७—०७७।३।२९ मा रु.२९,५३,३२४।— भुक्तानी गरेको छ। लागत अनुमान तयार गर्दा मू.अ.कर नलाग्ने बस्तुमा मू.अ.कर समेत जोडी ठेक्का व्यवस्थापन गरेकोमा व्यवसायीले उक्त आइटममा लागत अनुमानमा उल्लेख गरेको दर भन्दा बढी राखी २५ वटाको रु.१०,५००।— का दरले रु. २,६२,५००।— मा भुक्तानी भएको मू.अ.कर रु.३४,१२५।— असूल हुनुपर्ने रु.	३४,१२५।-
३०.	**दर रेट —**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने सम्बन्धी व्यवस्था छ। कार्यालयले उपभोक्ता समिति मार्फत गर्ने कार्यको लागि डोलिडार तथा सडक बिभाग दुवैले तयार गरेको नर्म्सको प्रयोग गर्ने गरेको छ। कार्यालयले लागत अनुमान तयार पार्दा सडकको नर्म्स प्रयोग गरी दर निर्धारण गर्दा उपभोक्ता समितिले गर्ने ग्राभेलमा नर्मल ग्राभेल बिछ्याउने कार्यको दर रु.२,३००।- प्रयोग गर्नुपर्नेमा सववेशको दर रु.२,८३८।९७ प्रयोग गरेको छ ।सव-वेशको दर प्रयोग गर्दा प्रति घ.मी. रु. ५३८।९७ बढी लागत परेको छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा निम्नानुसार दर राखी कार्य गराएकोले बढी दर राखी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.	९,६७,९१४।७०

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

भौ.नं. मिति	योजनाको नाम	लागत अनुमान	कार्यसम्पन्न	ग्राभेलेको परीमाण (घमी)	बढी दर	बढी भुक्तानी रकम	खर्च शिर्षक
२३-०७६/१२/२८	इश्लामपुर गाउँदेखि पातिलहा गाउ	११२३७३१०	१०७८४५२	२८७	५३८.९७	१५४६८४.४	गा.पा. पूँजीगत
५३-०७७/३/१८	महादेवा गाउँ देखि महदेवा गाउँ	११३३१२५	११३५६५८	२७१.७४	५३८.९७	१४६४५९.७	"
८९-०७७/३/२५	महुवारी गाउँदेखि नदीसम्म	१६८४१४८	१६८७३१८	३६७.०८	५३८.९७	१९७८४५.१	"
९०-०७७/३/२६	भागिरथी केवटको घरदेखि पचवारेसम्म	८९३८२८	८७७०१८	१४९.४७	५३८.९७	८०५५९.८५	"
९२-०७६/३/२६	भन्सार टोलभित्र सडक	५५९३११	५३५७९३	११३.६६	५३८.९७	६१२५९.३३	"
११५-०७७/३/२९	इश्लामपुर कोइरी टोल देखि मोहनन्दा सम्म सडक	४१७७०२	४१७७०२	९४.८२	५३८.९७	५११०५.१४	"
४-०७७/३/२३	देवानगडिया देखि पूर्व कञ्चनघाट सडक	११२४३०१	११२७७२८	२९९.६०	५३८.९७	१६१४७५.४	स्थानीय पूर्वाधार
५-०७७/३/२३	नहर पूर्व मनौरा गाउँ सडक	१११२२१५	१००३२८२	२१२.४९	५३८.९७	११४५२५.७	"
जम्मा						९६७९१४.७	"

पदाधिकारी सुविधा

३१. **स्थानीय तहका पदाधिकारी सुविधा -** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ जारी गरेको छ। ऐनको दफा ३ मा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.६५,४१,२००। सुविधा खर्च लेखेको छ ।

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष ७ जना	कार्यपालिका सदस्य ५ जाना	सभाका सदस्य २२ जना	जम्मा
१	बैठक भत्ता	१०२०००	९५०००	४९००००	२२५०००	८५८०००	१७७००००
२	यातायात खर्च				४२०००	११२७०००	११६९०००
३	टेलिफोन,मोबाइल	११००००	५५०००	३८५०००	१५००००	३८५०००	१०८५०००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	२८०००	२८०००	१४७०००	१०५०००	३२२०००	६३००००
५	समन्वय तथा सहजीकरण	७००००	५६०००	२९४०००	१७५०००	४६२०००	१०५७०००
६	अतिथि सत्कार	२८२०००	११४२००	२६६०००			६६२२००
७	खानेपानी/बिजुली/सरसफाई	३५०००	३५०००	९८०००			१६८०००
	जम्मा	६२७०००	३८३२००	१६८००००	६९७०००	३१५४०००	६५४१२००

३२. **न्यायिक समिति बैठक भत्ता -** स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ४६ मा न्यायिक समितिको गठन सम्बन्धी व्यबस्था छ।आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न स्थानीय तहमा उपाध्यक्ष वा उपप्रमुखको संयजकत्वमा तिन सदस्यीय न्यायिक समिति रहने प्रावधान छ। कार्यालयले तोकिएका तिन सदस्य बाहेक अन्य पदाधिकारी तथा कर्मचारीलाई बैठक भत्ता भुक्तानी गरेको रकम सम्बन्धित पदाधिकारी तथा कर्मचारीबाट असुल गर्नुपर्ने रु. — १,७९,०१०।-

गो.भो.नं.।मिति	कर्मचारीको नाम र पद	बैठक संख्या	भुक्तानी दिएको रु. (कर कट्टीपछि)
२०४।२०७६-८-१६	केशवनन्द वनिया अक्ष्यक्ष	१५	१९१२५
	खेत बहादुर खत्री प्र .प्र. अधिकृत	१४	१७८५०
	दिनेश कुमार यादव प्रा स	१५	१९१२५
	दान बहादुर खनाल लेखापाल	१४	१७८५०
	शममारथ हरिजन का स	१५	८९२५
३०१।२०७६-९-१८	केशवनन्द वनिया अक्ष्यक्ष	७	८९२५
	खेत बहादुर खत्री प्र प्र अधिकृत	७	८९२५
	दिनेश कुमार यादव प्रा स	७	८९२५
	दान बहादुर खनाल लेखापाल	७	८९२५
	शममारथ हरिजन का स	७	४१६५
४७९।२०७७-२-२०	केशवनन्द वनिया अक्ष्यक्ष	११	१४०२५

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

	रामप्रसाद ज्ञवाली प्र.प्र. अधिकृत	८	१०२००
	दिनेश कुमार यादव प्रा स	११	१४०२५
	यमकान्त पौडेल लेखा अधिकृत	९	११४७५
	शममारथ हरिजन का स	११	६५४५
जम्मा			१८८०१०।-

३३. **बैठक भत्ता -** लुम्बिनी प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को परिच्छेद २ बुदा नं १(क) अनुसार स्पष्ट विषयबस्तु र कार्ययोजना बेगर कार्यालय समयमा एकै निकायका कर्मचारी तथा पदाधिकारी मात्र बस्ने बैठकमा बैठक भत्ता उपलव्ध गराउन नमिल्ने उल्लेख छ। कार्यालयले निम्न गौश्वारा भौचरबाट कार्यालयका कर्मचारी तथा पदाधिकारी मात्र रहने गरी बैठक भत्ता खर्च लेखेको छ। मापदण्ड विपरित कर्मचारी तथा पदाधिकारी कार्यालयमा रही नियमित गर्नुपर्ने कार्यको लागि समेत बैठक भत्ता खर्च लेखेकोले असुल गर्नुपर्ने रु

रकम: २,८०,५००।-

गौ भौ नं	नाम पद	वैठक संख्या	दर	भुक्तानी रकम (कर १५% वाहेक)
२३३।२०७६-८-२० योजनाहरुको अनुगमन	केशवनन्द वनिया अक्ष्यक्ष	१६	१५००	१९१२५
	सुनिता कुमारी कलवार उपाक्ष्यक्ष	१०	१५००	१९१२५
	खेत बहादुर खत्री प्र प्र अधिकृत	१७	१५००	१९१२५
	दान बहादुर खनाल लेखापाल	१७	१५००	१९१२५
	सञ्जीव सहानी ईन्जिनीयर	१७	१५००	१९१२५
	रामचन्द्र यादव सहायक चौथो	१७	१५००	१९१२५
	सम्मारथ हरिजन का स	१७	५००	६३७५
२९९।२०७६-९-२८ वोलपत्र मुल्याङ्कन समिति	केशवनन्द वनिया अक्ष्यक्ष	१६	१५००	२०४००
	सुनिता कुमारी कलवार उपाक्ष्यक्ष	१०	१५००	१२७५०
	खेत बहादुर खत्री प्र प्र अधिकृत	१७	१५००	२१६७५
	दान बहादुर खनाल लेखापाल	१७	१५००	२१६७५
	सञ्जीव सहानी ईन्जिनीयर	१७	१५००	२१६७५
	रामचन्द्र यादव सहायक चौथो	१७	१५००	२१६७५
	मनिष रायमाझी सव ईन्जिनीयर	१७	१५००	२१६७५
	आशुतोष त्रिपाठी आइटी अफिसर	१४	१५००	१७८५०
जम्मा				२८०५००

३४. **गैरसरकारी संस्था मार्फत कार्य** - आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार वासिन्दा ब्यक्तिले नेपालमा श्रोत भएको ब्याज प्राकृतिक स्रोत भाडा रोयल्टी सेवा शुल्क जस्ता भुक्तानीमा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले करकट्टा गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा गैससवाट काम गराउँदा छिटो, छरितो, प्रभावकारी तथा मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैह सरकारी संस्थासंग काम गराउन सक्ने व्यवस्था छ।कार्यालयको आफ्नो विषयगत शाखा र उपलव्ध जनशक्तिले सम्पन्न गर्न सक्ने काम गैहसरकारी संस्थासंग गराउन नहुनेमा चालु प्रकृतिका कार्य गैसस मार्फत गराएको। गैससले गरेको निम्नानुसारको काममा मितव्ययीता नभएको, गर्नुपर्ने काम पूर्णत नगरी विलमात्र राखेको, ऐन अनुसार १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा १.५ प्रतिशतले मात्र कट्टा गरेकोले नपुग कर रु.८,७०,२५४।— असूल हुनुपर्नाको साथै नियमावली ऐन विपरित कार्य गराई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु.

रकम: ७२,६२,१७६।-

गौ .न र मिति	संस्थाको नाम	कार्यकम	भुक्तानी रकम	नपुग कर रकम
२४३।२०७६-८-२९	लुम्विनी सामुदायिक विकास केन्द्र	एच आई भी विरुद्धको जनचेतना	२७९६८४	३७७५७
२४४।२०७६-८-२९	दलित सामाजिक विकास केन्द्र	न्यायिक समितिको न्याय सम्पादन सम्वन्धी	४७४४९०	६४०५६
२६०।२०७६-९-३	मिशन पब्लिक मिडिया	सार्वजनिक सुनुवाई	३२३३५०	०।००

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

२८२।२०७६-९-२७	पहिलो खुडकिलो	महिलाहरुलाइ पाठेघर सम्वन्धी तालिम	१९७३४५	२६६४१
२८४।२०७६-१२-२८	पहिलो खुडकिलो	दलित तथा अति विपन्नहरुलाई अधिकार सम्वन्धि जनचेतना तालिम	२८९३५०	३९०६२
३८५।२०७६-१२-२८	लुम्विनी सामुदायिक विकास केन्द्र	महिलाहरुको व्यट्रीपार्लर तालिम	२८९३५०	३९०६२
३८६।२०७६-१२-२८	भिन्सहरा सामाजिक संस्था	भोजपुरी भाषा साहित्यको संरक्षण कार्यकम	४९४०००	६६६९०
३८७।२०७६-१२-२९	दलित सामाजिक विकास केन्द्र	विपन्न महिहरुलाई सिलाई कटाई तालिम	४९४०००	६६६९०
३८८।२०७६-१२-२८	दलित सामाजिक विकास केन्द्र	युवाहरुलाई मोवाइल मर्मत सम्वन्धि तालिम	२९६४००	४००१४
३८९।२०७६-१२-२८	लुम्वीनी फाउन्डेशन रुपन्देही	बालविवाह तथा दाइजो प्रथा विरुद्ध को कार्यकम	२९८०७५	४०२४०
३९०।२०७६-१२-२८	लुम्वीनी हेल्प फाउन्डेशन	आखाँ सम्वन्धी कार्यकम	२८७७४०	३८८४४
४०२।२०७७-१-२	लुम्विनी सामुदायिक विकास केन्द्र	महिलाहरुको लागी नेतृत्व तथा क्षमता विकास तालिम	३८७४७५	५२३०९
४१८ २०७७-१-९	पहिलो खुडकिलो	महिलाहरुको व्यट्रीपार्लर तालिम	२९६०१७	३९९६२
४४६।२०७७-१-१८	ए फोर ट्रेडिङ्ग सेन्टर प्रा लि	अशत्तताको लागी जिवीकोपार्जनका लागी अगर बत्ती बनाउने तालिम	४९२५००	०
४४९।२०७७-	लुम्वीनी हेल्प फाउन्डेशन नेपाल	मेलमिलाप कर्ताको लागी आधारभरत प्रतिक्षण कार्यकम	३८२८५०	५१६८४
४७०।२०७७-२-६	दलित सामाजिक विकास केन्द्र	महिलाहरुको लागी कम्पुटर तालिम कार्यकम	२९७७५०	४०१९६
४७७।२०७६-२-९	लुम्वीनी हेल्प फाउन्डेशन नेपाल	वडाभित्र विभिन्न स्थलमा	२९१४००	३९३३९
४७८।२०७७-२-९	लुम्विनी सामुदायिक विकास केन्द्र नेपाल	महिलाहरुलाई गुडिया बनाउने तालिम	२९०४००	३९२०४
६५९।२०७७-३-२६	पहिलो खुडकिलो	प्रतिनिधि तथा कर्मचारी तालिम वडा नं ६	४०००००	५४०००
७०९।२०७७-३-२६	पहिलो खुडकिलो	मर्यादा किट वितरण	५०००००	६७५००
७१७ ।२०७७-३-२९	पहिलो खुडकिलो	खानेपानी तथा पुर्ण स्वास्थ सरसफाई तालिम	२०००००	२७०००
जम्मा			७२६२१७६	८७०२५४

३५. **कर्मचारी थप सुविधा** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र संघीय कानुनको अधिनमा रही दफा ८६ (२) मा अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। मर्चवारी गाउँपालिकाको पदाधिकारी र कर्मचारीहरुको थप सुविधा सम्वन्धी निर्देशिका, २०७६ वनाई कर्मचारीहरुलाई वार्षिक सञ्चार, ईन्टरनेट र खाजा सुविधा उपलब्ध गराएको छ। संघीय कानुनको मर्म विपरित अनुदानको रकमबाट खर्च लेखी थप आर्थिक व्ययभार बढ्न गएको रु. — ५,५६,७००।-

सि नं	सुविधा	रकम
१	सञ्चार	१२८०००।-
२	इन्टरनेट	४००००।-
३	खाजा	३८८७००।-
	जम्मा	५५६७००।-

३६. **अक्तिरिक्त सुविधा** - सातौ गाउँसभाको तयारी तथा सञ्चालनमा खटिएका कर्मचारीहरुलाई गाउँ सभाको २०७६।३।१० को निर्णयअनुसार खाजा खर्च बापत १ महिनाको तलब उपलब्ध गराएको छ। पालिकाले सभाको तयारीमा खटिएका कर्मचारीलाई अक्तिरिक्त समय कामकाज गरे वापत रु.२,४१,५६३।अतिरिक्त सुविधा उपलव्ध गराएको छ। अनुदानको रकमबाट थप व्यय भार हुने गरी गाउँसभाको निर्णयबाट भएको यस प्रकारको खर्च असुल हुनुपर्ने रु. — २,४१,५६३।-

गौ भौ नं।मिति	कर्माचारीको नाम पद	सभा खाना खर्च	भुक्तानी रकम कर कट्टी गरी
	रामप्रसाद ज्ञवाली	३५,९९०।-	३२,३९१।-
	पशुपति गैरे प्र प्र अधिकृत	३५,९९०।-	३२,३९१।-
	यमकान्त पौडेल अधिकृतस्तर छैटौ	३५,९९०।-	३२,३९१।-
	सरस्वती पौडेल लेखापाल	२८,२००।-	२५,३८०।-

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम

६९७।२०७७-३-२६	चिन्तामणि भण्डारी प्रसासन सहायक	२८,२००।-	२५,३८०।-
	आशुतोष त्रिपाठी सु प्र अ	३५,९९०।-	३२,९१।-
	राम चन्द्र यादव अहिर कार्यालय सहायक	२६,६१०।-	२३,९४९।-
	शुवास धोवी का स	१८,०००।-	१६,२००।-
	सम्मारथ प्रसाद हरिजन का स	१८,०००।-	१६,२००।-
	हरि शकर कलवार का स	१८,०००।-	१६,२००।-
	शैलेन्द्र भुसाल का स	१८,०००।-	१६,२००।-
जम्मा			२,४१,५६३।-

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	सामाजिक सुरक्षा कार्यक्रमतर्फ	
३७.	**तथ्यांक अध्यावधिक -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुदां १९ अनुसार विभागले स्थानीय तहमा सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न स्थानीय तह, विभाग र बैङ्क र वित्तीय संस्था विच प्रणालीगत सम्बन्ध स्थापना गरी सामाजिक सुरक्षा भत्ता वितरणलाई प्रभावकारी र पारदर्शी बनाउन केन्द्रीकृत व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याउने र उक्त प्रणालीमा लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सम्बन्धीत स्थानीय तहको हुने उल्लेख छ। कार्यालयले प्रत्येक बर्ष सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको तथ्याङ्क, कार्यविधि बमोजिम अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा प्रथम चौमासिकको एम.आई.एस. अध्यावधिक तथ्याङ्क लेखापरीक्षणको क्रममा पेश गरेको छैन। कार्यविधि बमोजिम कार्यालयले केन्द्रीकृत व्यवस्थापन प्रणालीमा सुचना अद्यावधिक गर्नुपर्दछ।	
३७.१.	**सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ बमोजिम गाउँपालिकाको वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र सार्वजनिक सुनुवाईबाट प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफुले सम्बोधन गर्न नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। गाउँपालिकाको कुनै पनि वडा समितिले यस सम्बन्धमा नागरिक सुनुवाईको कार्यक्रम सञ्चालन गरेको पाइएन। कार्यविधि बमोजिम कार्यालयले सार्वजनिक सुनुवाई गर्नुपर्दछ।	
३७.२.	सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को परिच्छेद ३ को बुँदा १० मा स्थानीय तहले भत्ता पाउने लाभाग्राहीको फोटो सहितको अनुसुची-५ वमोजिम मुल अभिलेख अध्यावधिक गरी वडा अनुसार प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यवस्था छ। वडा अनुसारको अध्यावधिक विवरण गाउँपालिकाले कार्यविधिको नियम १६(क) वमोजिम पेश्कीको रुपमा प्रथम चौमासिकको रकम असोज १ गतेवाट दोस्रो हप्ता सम्म, दोस्रो चौमासिकको रकम माघको १ गतेवाट दोस्रो हप्ता सम्म र तेस्रो चौमासिकको रकम जेठको १ गतेवाट दोस्रो हप्ता सम्म निकाशा दिनुपर्ने व्यवस्था छ। यो वर्ष सामाजिक सुरक्षा वापत गाउपालिकाले रु ७,१७,१६,२००।- खर्च गरेको छ। कार्यालयले सामाजिक सुरक्षा भत्तालाई पेश्की जनाई प्रथम किस्ताको पेश्की फछ्र्यौट भएपश्चात दोश्रो र दोश्रो किस्ता फछ्र्यौट गरी तेश्रो किस्ता निकाशा दिई फछ्र्यौट गर्नुपर्नेमा प्रथम किस्ता वडा सचिव मार्फत पेश्की जनाई नगद वितरण गरेको र दोस्रो र तेस्रो किस्ता बैङ्कलाई निकाशा दिएको रकम सोझै खर्च जनाएको छ। सोझै खर्च जनाई सामाजिक सुरक्षा वितरण गर्दा वितरण नभई बाँकी रहेको रकम बैङ्कमा एक आर्थिक बर्ष सम्म नै रहन सक्ने हुदाँ पेश्की जनाई सोको फछ्र्यौट गरी थप निकाशा गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।	
३७.३.	**निकाशा फिर्ता -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा २५(क) अनुसार बैकंहरुले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण (अनुसूची १३) चौमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विद्युतिय माध्यममा	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	अनिवार्य पठाउनुपर्ने उल्लेख छ। यसरी पठाएको विवरणलाई रकम वितरण भएको भरपाई मानिने उल्लेख भएकोमा बैकहरुले सो अनुसुचि १३ गाउँपालिकामा लेखापरीक्षणको अवधिमा मात्र पठाएको छ। कार्यालयले पेश गरेको विवरण अनुसार सामाजिक सुरक्षा शिर्षकमा रु. ७,८५,७८,६००।- निकासा भएकोमा प्रथम किस्ता वडा सचिव मार्फत नगद रु.२,३८,३३,०००।- र दोस्रो र तेस्रो बैकं मार्फत रु. ४,७८,८३,२००।- गरी रु.७,१७,१६,२००। वितरण भएको भर्पाई पेश भएको छ। संघिय सरकारको शशर्त अनुदान अन्तर्गत प्राप्त रकम बांकी रहेमा संघिय संचित कोषमा फिर्ता गर्नु पर्दछ। वितरण नभएको निकाशा रकम रु.६८,६२,४००।- संघिय संचित कोषमा दाखिला गर्नुपर्नेमा लेखापरीक्षण अवधिमा रु.५६,९६,०००।- मात्र दाखिला भएको बैंक भौचर पेश गरेको छ ।अत बांकी निकाशा रकम संचित कोषमा दाखिला गर्नुपर्ने रु.	११,६६,४००।-
	सशर्त कार्यक्रमतर्फ	
३८.	**स्वास्थ्य**	
३८.१.	निजामती सेवा ऐन, २०४९ अनुसार कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरी कर्मचारीहरुको तलब खर्च लेख्नुपर्नेमा तलबि प्रतिवेदन पारित नगरी यस बर्ष रु.१,२३,०३,७९४।१० तलब खर्च लेखेको छ ।तलबि प्रतिवेदन पारित गरी तलब खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।	
३८.२.	**औषधि परीक्षण** - प्राथमिक स्वास्थ्य सेवा पुर्नजागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ । कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क वितरण गर्ने औषधी तथा सर्जिकल सामानहरु परीक्षण गर्दा गाउँपालिकाको स्वास्थ्य शाखामा मौज्दात शुन्य रहेको पाइयो।यसरी अत्यावश्यक औषधिको मौज्दात शुन्य हुदाँ सेवा प्रवाहमा असर पर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी छ ।	
३८.३.	**विल भरपाई** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा नं. ५१ अनुसार जिम्मेवार व्यक्तिले ऐन बमोजिमको रित पुर्‍याई लेखा अद्यावधिक रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले स्वास्थ्य तर्फको कार्यक्रममा गो.भौ.नं.१२ मिति २०७६।८।३ बाट स्वास्थ्यका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रममा रु.५०,०००।- भुक्तानी दिएकोमा रु.४८,३९६।- को मात्र विल पेश गरेको छ । भुक्तानी गर्दा पेश भएको विल भन्दा बढी खर्च लेखेको रकम सम्बन्धीतबाट असुल हुनुपर्ने रु.	१६०४/-
३८.४.	**पारिश्रमिक आयकर** - आयकर ऐन ,२०५८ को दफा ८७ (१)अनुसार आयमा लाग्ने पारिश्रमिक करको गणना गर्दा करयोग्य आयको पहिलो एकलाखमा १० प्रतिशत, दोश्रो २ लाखमा २० प्रतिशत, पारिश्रमिक करकट्टा गर्नुपर्ने व्यवस्था छ। पालिका स्थित स्वास्थ्य चौकीहरुमा कार्यरत निम्न कर्मचारीहरुको पारिश्रमिक कर गणना गर्दा ऐन बमोजिम रु.६१,८२७।- करकट्टि गर्नुपर्नेमा रु.१६,४७९।- मात्र पारिश्रमिक कर कट्टा गरेकोले नपुग पारिश्रमिक कर रु.४५३४८।- असुल गर्नुपर्ने रु.	४५,३४८।-
३८.५.		

क्र.स	कर्मचारीको नाम	बार्षिक आय	आयकर छुट रकम	करयोग्य आय	गर्नुपर्ने कट्टि	गरेको कट्टि	नपुग कर
१	शि.अ.हे.ब श्री विनोद बराई	७०९९०६	५२३४३२	१८६४७४	३१२९५	४४७९.२	२६८१६
२	मे.अ.श्री डा. पाताल गिरी	७०९९०६	५१२९७३	१८६४७४	११२०३	४०००	७२०३
३	नर्सिङ मिना कुमारी श्रेष्ठ	६८९९८६	५७४७९२	११५१९४	८४६५	४०००	४४६५
४	सि.अ.न.मि छैठौ बेलिलता सिंह थारु	६७२९४६	५११९१२	१६१०३४	१०८६४	४०००	६८६४
	जम्मा				६१८२७	१६४७९	४५३४८

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>३९.</td><td>शिक्षा तर्फ</td><td></td></tr>
<tr><td>३९.१.</td><td>शिक्षक दरवन्दी – गाउँपालिकाले शिक्षा नियमावली अनुसार शिक्षक दरवन्दी मिलान गर्नुपर्दछ । कार्यालयको शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि.,नि.मा.वि., र मा.बि. का स्थायी, अस्थायी र राहत दरवन्दी शिक्षक, विद्यार्थी संख्या र भौतिक पूर्वाधारलाई यकिन गरी दरवन्दी मिलान गरेको देखिएन। दरवन्दी मिलान वेगर गाउँपालिकाले गरेको शिक्षक तलब निकासा वास्तविक छ भनी आश्वस्त हुन सकिएन।</td><td></td></tr>
<tr><td>३९.२.</td><td>सामुदायीक विद्यालयको गुणस्तर - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वयन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ। गाउँपालिकाले आ.व. २०७६।७७ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरी प्रतिबेदन तयार गरेको देखिएन। अत गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>३९.३.</td><td>विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को खण्ड १, कार्यक्रम कार्यान्वयन सम्बन्धी मार्गदर्शन (बुदा नं. १८ ठ) अनुसार स्थानीय तहले विद्यालयहरुमा जाने सबै प्रकारका अनुदानहरुलाई व्यवस्थित गर्न र शिक्षामा हुने लगानी प्रभावकारी बनाउन आफ्नो तहको संयन्त्रमा अनुदान व्यवस्थापन युनिट निर्माण गरी अनुदानको निकाशा गर्ने व्यवस्था गरेकोमा सो अनुसार कार्य गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>३९.४.</td><td>शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं.१.१.३.४ को बुदाँ नं. ४ अनुसार स्थानीय तहले विद्यालय शिक्षक र कर्मचारीको तलब भत्ता बैंङ्क मार्फत भुक्तानी हुने व्यवस्था मिलाउनुपर्ने उल्लेख भएकोमा सो गरेको पाइएन।</td><td></td></tr>
<tr><td>३९.५.</td><td>बढि निकाशा - शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को क्रियाकलाप नं.१.१.३.४ अनुसार स्थानीय निकायले कार्यरत शिक्षकको तलब भत्ता एकिन गरी सोही अनुसार विद्यालयबाट प्राप्त मागफारामको रुजु गरी रकम निकाशा गर्नुपर्ने उल्लेख छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा गो.भौ.नं. ५-२०७६।६।२ बाट निम्न विद्यालयहरुमा प्रथम चौमासिकमा माग फारम भन्दा बढी निकाशा भएको पाइयो। बढि निकाशा रकम सम्बन्धीत विद्यालयबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><th>विद्यालयको नाम</th><th>निकाशा रकम रु.</th><th>माग रकम रु.</th><th>बढि निकाशा रु.</th></tr>
<tr><td>बगौली मा.वि, बगौली</td><td>१४७५२७५</td><td>१४३५२७५</td><td>४००००</td></tr>
<tr><td>श्रीमती मनराजी देवि</td><td>२८४४५८७</td><td>२८३३५५७</td><td>११०३०</td></tr>
<tr><td>मर्चवारी आ.वि</td><td>८३८००६</td><td>७६६००५</td><td>७२००१</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१२३०३१/-</td></tr>
</table></td><td>१,२३,०३१।-</td></tr>
<tr><td>३९.६.</td><td>कार्यालयबाट प्राप्त विवरण अनुसार श्रीमती मनराजी देवि मा.विका शिक्षक श्री राजदेव प्रसाद मौर्य मिति २०७७।३।२३ मा अवकाश भएको देखिन्छ। तर निजको नाममा अवकाश पछिको अवधिको समेत तलबभत्ता रकम निकाशा गएकोले बढी निकाशा गएको रकम रु.१३,७९६।- असुल हुनुपर्ने रु.</td><td>१३,७९६।-</td></tr>
<tr><td>३९.७.</td><td>दरबन्दी भन्दा बढि पदपुर्ति - गाउँपालिकाले विद्यालयमा दरबन्दी अनुसार पदपुर्ति गरी तलब भत्ता खर्च लेख्नुपर्दछ। नमुना छनौट गरी परीक्षण गर्दा श्री अमुवा मा.वि. मा दरबन्दी भन्दा बढि हुने गरी पियनको पद श्रृजना गरी अनिता यादव लाई मासिक रु.७,५००।- को दरले १२ महिनाको रु.९०,०००।- भुक्तानी गरेको पाइयो । दरबन्दी भन्दा बढि पद श्रृजना गरी खर्च लेख्ने कार्य मनासिव नदेखिएको रु.</td><td>९०,०००।-</td></tr>
<tr><td>३९.८.</td><td>गत बर्षको दायित्व - गत आ.व.को दायित्व सिर्जना भएको रकम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण</td><td></td></tr>
</table>

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	१५ गतेभित्र भुक्तानी बाँकीको बिबरण म.ले.प.फा.नं.२२१ प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ। गाउँपालिकाले आ.ब.२०७५।७६ मा विभिन्न २२ विद्यालयहरुलाई पोशाक भत्ता खर्च बापत रु. ४,५०,०००।- भुक्तानी गरेको छ । कार्यालयले भुक्तानी दिन बाँकी रहेको बिबरण समेत समावेश गरी गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा उक्त रकम भुक्तानी गरेको छ । भुक्तानी दिन बाँकीको विवरण समेत संलग्न नगराई विद्यालयहरुलाई पोशाक खर्च लेख्ने आधार नदेखिएको रु.	४,५०,०००।-
३९.९.	**पाठ्यक्रम अनुदान -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व २०७६।७७) को क्रियाकलाप नं.२.४.६.१ मा कक्षा १ देखी १० सम्म अध्ययनरत विद्यार्थीका लागि पाठ्यपुस्तक अनुदान अन्तर्गत बँदा नं.४ मा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत दररेट बमोजिम पाठ्यपुस्तकको लागि अनुदान दिइने तथा पाठ्यपुस्तकको कक्षागत दर प्राप्त भएपछि शिक्षा विभागको वेभ साईटमा राखिनुका साथै जिल्लाहरुमा समेत पठाईने उल्लेख छ ।कार्यालयले फ्ल्यास रिपोर्ट तयार नगरी गाउँपालिका अन्तरगर्तका विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति रकम, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई लगायतका शिर्षकहरुमा रु. ९६,७९,६३८।- निकाशा पठाएको छ । कार्यालयले विद्यार्थीहरुको विवरण (फ्यास रिपोर्ट) तथा विद्यालयबाट कक्षागत विद्यार्थी हाजिरी विवरण र वितरणको प्रमाण पेश नभएकोले खर्च एकिन गर्न नसकिएको रु.	९६,७९,६३८।-
३९.१०.	**शिक्षक अनुदान —** शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६।७७ को क्रियाकलाप नं १.१.३.४ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण एकिन गरी शिक्षा विकास तथा समन्वय इकाइ मार्फत वा अद्यावधिक विवरण अनुसार दरबन्दी, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुलाइ विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलव्ध गराउने व्यवस्था छ। कार्यालयले निजी शिक्षक भर्ना/ नियुक्ति गरी गाउँपालिका तर्फबाट रु.९१,३०,४०६।- भुक्तानी गरेको छ। गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा सःशर्त तर्फबाट शिक्षक तलब भतामा रु.४,३९,०९,०२१।८० निकासा भएको छ। विद्यालय शिक्षक दरबन्दी मिलान नगरी दरवन्दी नै कायम नभएका विद्यालयका शिक्षकहरुलाई तलब भत्ता निकासा दिएको तथा कूल शिक्षक दरबन्दी र विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने भए मात्र प्रतिस्पर्धात्मक तवरले छनौट गरि शैक्षिक गुणस्तर अभिबृद्धि हुने आश्वस्तता गरेर मात्र शिक्षक नियुक्ति गर्नुपर्नेमा नगरेको रु.	९१,३०,४०६।-
३९.११.	**शैक्षिक भ्रमण -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व २०७६।७७) को क्रियाकलाप नं.२.७.१३.१३ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरी अनुदान प्राप्त गर्ने कार्यक्रमहरुलाई शिर्षकगत रुपमा उल्लेख गरेको छ । गाउँपालिकाले आ.ब.२०७६।७७ को पाँचौ गाउँसभाबाट पारित बार्षिक कार्यक्रम तथा बजेट पुस्तिकाको संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत पाना नं.६३ को क्र.सं.५३ शैक्षिक गुणस्तर शुदृढिकरण एवम कार्य सम्पादनमा प्रोत्साहन अनुदान शिर्षकबाट श्री अमुवा मा.वि लाई शैक्षिक भ्रमण बापत रु.२,००,०००।- अनुदान उपलव्ध गराएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको मर्म विपरित गाउँसभाबाट निर्णय गराई शसर्त अनुदान रकमबाट भ्रमण अवलोकनमा खर्च लेखु मनासिव नदेखिएको रु.	२,००,०००।-
४०.	**कृषि**	
४०.१.	**लाभग्राही छनौट तथा कृषि बीउ परीक्षण** - गाउँपालिकाले कार्यविधि तथा मापदण्ड तयार गरी अनुदान पाउने कृषकको छनौट गर्नुपर्दछ । कृषकको व्यवसायिक क्षमता, जनशक्ति, समुदायमा पुर्याउन सक्ने योगदान, गत विगतमा गाउँपालिका र अन्य निकायहरुबाट कुनै किसिमको वस्तुगत तथा नगद अनुदान प्राप्त गरे नगरेको यकिन गरी उत्कृष्ट ठानिएको लाभग्राहीलाई छनौट गर्नुपर्ने र उपलब्ध हुने कृषि बिउबिजन तथा पशुहरुको	

सि.नं	लेखापरीक्षणबाट देखिएका व्यहोराहरु	रकम
	क्वारेन्टाइन परिक्षण गरी कृषकलाइ उपलब्ध गराउनुपर्नेमा लाभग्राही छनौट गर्दा छनौटको आधार नखुलाएको र कृषि बिउबिजन तथा पशुहरुको क्वारेन्टाइन परिक्षण गराएको पाईएन। मापदण्ड तथा कार्यविधि तयार गरी सो आधारमा लाभग्राही छनौट, कृषि बिउबिजन तथा पशुहरुको क्वारेन्टाइन परिक्षण पश्चात मात्र कृषकलाइ उपलब्ध गराउनुपर्दछ साथै बितरीत कृषि विउ विजन, विरुवा र पशुपंक्षिको प्रभाबकारी उपयोग र प्राप्त उपलब्धिको अनुगमन हुनुपर्दछ।	
४१.	**प्रधानमन्त्री रोजगार कार्यक्रम –** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकताक्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन। कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १०५ जनालाई रोजगारी उपलव्ध गराई रु. २०,९१,३१४।- खर्च गरेको छ । लक्षित वर्गलाई २० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन्। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
४२.	**मुख्यमन्त्री रोजगार कार्यक्रम -** मुख्यमन्त्री ग्रामीण विकास तथा रोजगार कार्यक्रम सञ्चालन कार्याविधि,२०७५ को परिच्छेद ३ मा लक्षित समूहको व्यवस्था गरेको छ।कार्यालयले मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रमको लागि संचालन गरेको कार्यक्रममा लक्षित वर्गको छनोटको आधार पेश गरेको छैन। अति विपन्नको स्पष्ट आधार एवं मापदण्ड नवनाई लाभग्राही दोहोरो हुनेगरी कार्यक्रम संचालन गरेकाले वास्तविक लाभग्राही समावेश भए नभएको यकिन हुन सकेन। कार्यालयले कार्यक्रमको प्रभावकारीताको अनुगमन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन। स्पष्ट आधार एवम् मापदण्ड नबनाई कार्याविधि विपरित सामानको दिगो उपयोगको व्यवस्था नमिलाई खर्च लेख्रे कार्य उचित नदेखिएको रु.	४०,००,०००।-

गो.भौ.नं.।मिति	कार्यक्रमको नाम	रकम
८-०७७-३-२६	अति विपन्न घर परिवारलाई झुल वितरण	४,७०,०००।-
६-०७७-३-२६	फुशको छाना विस्थापन गरि छाना निर्माण	२,००,०००।-
२-०७७-३-२६	विपन्न वर्गका किसानलाई स्प्रे ट्याङ्की वितरण	५,००,०००।-
३ -०७७-३-२९	विपन्न वर्गका किसानलाई तरकारी बिउ तथा औषधी वितरण	४,५०,०००।-
१- ०७७-३-२६	विपन्न वर्गको महिलाहरुलाई सिलाई मेसीन वितरण	५,००,०००।-
९ -०७७-३-२६	विपन्न वर्गका व्यक्तिलाई व्यवसायका लागि बाख्रा वितरण	५,००,०००।-
१०-०७७-३-२९	विपन्न वर्गका व्यक्तिलाई त्रिपाल वितरण	३,८०,०००।-
४-०७७-३-२९	विपन्न वर्गलाई चारा काट्ने मेसिन वितरण	५,००,०००।-
५-०७७-३-२६	विपन्न वर्गलाई पम्पसेट वितरण	५,००,०००।-
	जम्मा	४०,००,०००।-

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td>४२.१.</td><td>सोझै खरिद - सार्वजनिक खरिद नियमावलीको नियम ८५ को उपनियम (१) को खण्ड (क) मा पाँच लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ। कार्यालयले मिति २०७७।३।३ को कार्यपालिका बैठकको निर्णयबाट गो.भौ.नं. १० मिति २०७७।३।३० बाट नन्दन ईन्टरप्राईजेजबाट रु.११,९९,९९७।३० जस्तापाता सोझै खरिद गरेको कार्य नियमसम्मत नदेखिएको रु.</td><td>११९९९९७।३०</td></tr>
<tr><td>४३.</td><td>पेश्की बाँकी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की लिने संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक विल भरपाई र कागजात सहितको प्रतिवेदनको आधारमा पेश्की फछ्यौट गर्नुपर्ने उल्लेख छ। कार्यालयले पेश गरेको विवरण अनुसार सुनगाभा इन्जिनियरिङ्ग सोलुसन प्रा.लि.लाई दिएको पेश्की रु.३,९८,०००।- फछ्यौट हुनुपर्ने रु.</td><td>३९८०००।-</td></tr>
<tr><td>४४.</td><td>धरौटी तर्फ</td><td></td></tr>
<tr><td>४४.१.</td><td>कार्यालयले बोलपत्र खरिद बापतको रु.४,०००।- राजश्व खातामा दाखिला गर्नुपर्नेमा धरौटी खातामा दाखिला गरेको छ । अतः धरौटी खातामा जम्मा भएको उक्त रकम राजश्व दाखिला हुनुपर्ने रु.</td><td>४०००।-</td></tr>
<tr><td>४४.२.</td><td>कार्यालयको व्यक्तिगत धरौटी खातामा व्यक्ति वा फर्मको नाम नामेसी खुल्ने गरी अद्यावधिक गर्नुपर्दछ । कार्यालयको धरौटी खाता परीक्षण गर्दा २०७५।३।३१ भन्दा अगाडिको नाम नामेसी नखुलेको धरौटी रकम रु.२,६८,८९८।- र सो अवधि पछिको रु.१६,३२०।- गरी दुई भिन्दा भिन्दै खातामा रु.२,८५,२१८।- मौज्दात रहेको पाइयो । कार्यालयले नाम नखुलेको र प्रयोजन समाप्त भएका धरौटी एकिन गरी सदरस्याहा गराउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४.३.</td><td>धरौटी फिर्ता – कार्यालयले निर्माण व्यवसायी तथा फर्महरुको धरौटी फिर्ता गर्दा आन्तरीक राजश्व विभागमा कर समायोजन गरेको प्रमाणको आधारमा फिर्ता गर्नुपर्दछ। निम्न व्यवसायीहरुको धरौटी फिर्ता गर्दा कर समायोजनको पत्र विना फिर्ता गरेकोमा सो को प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>गो भौ नं.</th><th>फर्मको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२-२०७७/२/२६</td><td>यादव निर्माण सेषा</td><td>२,५९,७४२।-</td></tr>
<tr><td>३-२०७७/२/२६</td><td>टाइसन कन्स्ट्रक्सन</td><td>२,४६,०२६।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५०५७६८/-</td></tr>
</table></td><td>५०५,७६८।-</td></tr>
<tr><td>४५.</td><td>आन्तरीक आय</td><td></td></tr>
<tr><td>४५.१.</td><td>आयको अनुमान - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने ब्यवस्था गरेको छ। गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.५५,५०,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा रु.३०,९८,६०६।- अर्थात अनुमान भन्दा ४४ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।</td><td></td></tr>
<tr><td>४५.२.</td><td>आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>३९६५९९८२१</td><td>३८७१५४८.९५</td><td>०.९८</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>सि.नं</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>रकम</th></tr>
<tr><td></td><td>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९८ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४५.३.</td><td>रसीद नियन्त्रण खाता - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ। गाउँपालिकाले राजश्व असूलीमा प्रयोग हुने रसिदको छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च खुल्ने अभिलेख, रसीद नियन्त्रण खाता अद्यावधिक गरेको छैन । राजश्व असूलीमा गाउँपालिका, वडा कार्यालय र विषयगत शाखाहरुमा प्रयोग भएका रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भनी आश्वस्त हुन सकिएन। आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।</td><td></td></tr>
<tr><td>४५.४.</td><td>अभिलेख - पालिकाका र अन्तर्गतका सबै वडाहरुमा विभिन्न सेवा लिन आएका सेवाग्राहीहरुको संख्यात्मक विवरण, कार्यालयले सेवाको किसिम र मूल्य अनुसार शिर्षकगत रुपमा अद्यावधिक गरी राख्नुपर्दछ। पालिकाले शिर्षकगत सेवाको मूल्य सहितको विवरण अद्यावधिक गरी नराखेको कारण सेवाग्राहिले सेवा लिएबापत तिरेको मूल्य र आम्दानी रसिद अनुसार उठेको शिर्षकगत आम्दानी भिडान गर्न सकिएन। आम्दानी अभिलेखलाई व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।</td><td></td></tr>
<tr><td>४५.५.</td><td>कार्यालयले आन्तरिक आम्दानीलाइ सफ्टवयरबाट व्यवस्थित गर्न प्रत्येक वडा कार्यालयहरुमा कम्प्यूटर र प्रिन्टरको व्यवस्था गरेको भएतापनि प्रयोग भएको देखिएन। विश्वसनिय र आधिकारिक सफ्टवेयरबाट राजश्व आम्दानीलाई व्यवस्थित गरी आर्थिक कारोवारलाई पारदर्शी र स्वच्छ गराउने तर्फ कार्यालयको ध्यान जानु जरुरी छ।</td><td></td></tr>
<tr><td>४६.</td><td>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरण अनुसार आर्थिक बर्ष २०७५/७६ सम्मको बाँकी रहेको बेरुजु रु.४,९३,२६,४३२/- मध्ये यो बर्ष रु.४४४६२ फछ्यौट गरी रु.४,९२,८१,९७० बाँकी रहेकोमा यस बर्ष रु.११,८१,४८,०२१ थप भई रु.१६,७४,३८,९९१ पुगेको छ । बाँकी बेरुजु समयमै फछ्यौट गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।
<table>
<tr><th>गत बर्षसम्मको फछ्यौट गर्न बाँकी रु.</th><th>यस बर्ष फछ्यौट रु.</th><th>बाँकी बेरुजु रु.</th><th>यो बर्षको सं.पबाट कायम बेरुजु रु.</th><th>यो बर्षको कायम बेरुजु रु.</th><th>बाँकी</th></tr>
<tr><td>४९३२६४३२</td><td>४४४६२</td><td>४९२८१९७०</td><td>०।००</td><td>११,८३,८९,५८४</td><td>१६,७७,१६,०१६।-</td></tr>
</table>
</td><td></td></tr>
</table>

मर्चवारी गाउँपालिका
सञ्चित कोष विवरण आर्थिक वर्ष २०७६/७७

अनुसुची-१
(रु. हजारमा)

क.स.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	६ (२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	मर्चवारी गाउँपालिका	रुपन्देही	७६७२१	३२६६३०	६१२६८	३८७२	२८५९४	४२०३६४	२६८६९१	१२७९०९	२९५५६	४२६१५६	७०९२९

बेरुजु बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

अनुसुची-२
(रु. हजारमा)

क. स	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	रुपन्देही	मर्चवारी गाउँपालिका	६१	३०	११८३८९	०	०	०	६१	३०	११८३८९	१०३१५	४७३३४	६०३४२	०	०	०	०	३९८	३९८

अद्यावधिक बेरुजु स्थिती

अनुसुची-३
(रु. हजारमा)

क. स	स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	समायोजन	यो बर्षको फछ्र्यौट	बाँकी	यो बर्ष सं.प.बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	मर्चवारी गाउँपालिका	रुपन्देही	५०४३१	(११०५)	४४	४९२८२	०	११८३८९	१६७७१६